# आत्मिकी अधिकार

Notes by Franklin

क) परिचय

ख) येशू, व्यवस्थाको अधिनमा रहेको मानिस

ग) पहिलो बिद्रोह

घ) अधिकारलाई लत्याउदाको नतिजाहरु

ङ) परमप्रभुले स्थापित गर्नुभएको अधिकारको संरचना

   अ) परिवार

   आ) सरकार

   इ) मण्डली

   ई) व्यापार

च) निर्देशनले हामीमाथि गरेको अधिकारको प्राय प्रकटिकरण

छ) अनाज्ञाकारिताको चारवटा कारणहरु

ज) अधिकारीहरुलाई प्रतिउत्तर

झ) तपाईलाई गलत लाग्ने कार्यहरु गर्न भनिदा उठाउने सात चरणहरु

# आत्मिकी अधिकार

Notes by Franklin

## क) परिचय

सर्वशक्तिमान परमप्रभु परमेश्वर नै "अधिकार" हुनुहुन्छ ।

अधिकार

१. सहि र शक्तिशालि आज्ञाहरु दिन र तिनीहरुलाई लागु गर्न

२. शक्ति अरुलाई सम्पनु (दिनु)

असल परिचय चाहिँ : **लूका ७:२–१०** कप्तान

कुनै एक जना कप्तानको एक जना प्यारो कमारो थियो, जो बिरामी भएर मर्नै लागेको थियो। = = = **वचन भनिदिनुहोस्**, र मेरो चाकर निको हुनेछ। [८]किनकि म पनि **अख्तियारमुनि बस्ने मानिस हुँ**, अनि मेरो अधीनमा सिपाहीहरू छन्। म एउटालाई **'जा' भन्छु**, अनि त्यो जान्छ, र अर्कालाई **'आइज'** भन्छु, अनि त्यो आउँछ। मेरो कमारालाई 'यो गर्' भन्छु, अनि त्यसले गर्छ।" [९]यो कुरा सुनेर येशू तिनीसँग आश्चर्यचकित हुनुभयो, र फर्केर आफूपछि आउने भीड़लाई भन्नुभयो, "म तिमीहरूलाई भन्छु, मैले इस्राएलमा पनि यस्तो ठूलो विश्‍वास देखेको छैनँ।"

तसर्थ, हामीले हाम्रो पहिलो र धैरै महत्वपूर्ण सत्यतालाई सिक्छौं :

जबसम्म तपाई आफै अधिकारको अधिनमा रहनुहुन्न तबसम्म तपाईसँग अधिकार हुदैन ।

**प्रेरित ८:१२–२४** पत्रुस र यूहन्नासँग भएको अधिकारलाई सिमोनले किन्न चाहेका थिए ।

**साँचो अधिकार चाहिँ** उच्च अधिकारीले **दिनै पर्दछ** । यदि अधिकार दिइएको **छैन** तर लिएको मात्रै छ भने, . . . **यो विद्रोह हो** ।

अर्को उदाहरण : स्केवास, यहुदी प्रधान पुजाहारीका सात जना छोराहरु

प्रेरित १९:११–१७ [13] तर कुनै-कुनै यताउता घुमफिर गर्ने यहूदी झारफूकेहरूले भूतात्मा लागेकाहरूलाई प्रभु येशूको नाउँ उच्चारण गर्दै यसो भने, "पावलले प्रचार गरेका येशूद्वारा म तँलाई आज्ञा गर्दछु।" [14] त्यहाँ एक जना स्केवास नाउँ भएको यहूदी प्रधान पूजाहारीका सात जना छोराहरूले यसो गर्थे। [15] तब भूतात्माले जवाफ दिएर

तिनीहरूलाई भन्यो, “येशूलाई म चिन्छु, र पावललाई पनि म चिन्छु, तर तिमीहरूचाहिँ को हौ?” [16] त्यो भूतात्मा भएको मानिस तिनीहरूमाथि उफ्रँदै आयो, र तिनीहरू सबैलाई वशमा पारेर तिनीहरूलाई पछाऱ्यौ र तिनीहरू त्यस घरबाट नाङ्गो र घाइते भएर भागे। [17] यो कुरा एफिसस-निवासी, यहूदी र ग्रीकहरूमा जाहेर भयो। अनि तिनीहरू सबैमाथि डर छायो, र प्रभु येशूको नाउँको प्रशंसा भयो।

यसबाट हामीले हाम्रो दोश्रो सत्यतालाई सिक्दछौं :
**आत्मिकी अधिकार चाहिँ आत्मिकी लडाईको लागि आवश्यक छ ।**
हामीले निश्चित गर्नुनैपर्दछ कि हामी आत्मिकी अधिकारको अधिनमा छौं र परमप्रभुको लागि कामहरु सकाउन कोशिस गर्नुभन्दा पहिले हामीलाई **पठाइएको** (अधिकार दिइएको) छ भनि निश्चित गर्नुपर्दछ ।

“कसैलाई बोलाइएको छ– कसैलाई पठाइएको छ– कोही कोही उठे र हिडे ।”
उदाहरण : २ शामूएल १८:१९–२३ अहीमासले राजा दाउदलाई दौडेर गई भन्न चाहान्थे

ख) येशू अधिकारको अधिनमा हुनुहुन्थ्यो, तसर्थ उहाँले **अधिकार** र **शक्ति**का साथ **बोल्नुभयो** ।

"कसरी मनिस ख्रीष्ट येशू" ले उहाँको अधिकारलाई प्राप्त गर्नुभयो ?
**हामीले जसरी नै हो :**

**फिलिप्पी** २:५–११
(५) **तिमीहरूमा यस्तो मन होस्,** जो ख्रीष्ट येशूमा पनि थियो। 6

- "यस्तो मन होस्" चाहिँ आज्ञादेश हो । आज्ञा, अधिकारपूर्ण

(६) परमेश्‍वरको स्‍वरूपमा भएर पनि **उहाँले** परमेश्‍वरको **बराबरी हुने कुरालाई एउटा पक्रिराख्‍ने वस्‍तुजस्‍तो ठान्‍नुभएन।** पहिलो चरण ।

यद्यपी उहाँले हामीलाई मन पर्ने काम गर्नलाई अधिकार दिनुभएको छ ।
**हामीले हाम्रो अधिकारहरु प्रभु येशू ख्रीष्टलाई दिनै पर्दछ ।** के यो उहाँको राज्य हो की . . . हाम्रो ?
के उहाँ हाम्रो प्रभु हुनुहुन्छ ? वा, के हामी आफै हाम्रो जीवनको प्रभु हौं ?

- ☐ लूका ६:४६ **"मैले भनेका कुरा गर्दैनौ भने किन मलाई 'प्रभु, प्रभु,' भन्दछौ?**
- ☐ ब्यवस्था १२:८–९ आज **हामी प्रत्येकले आफ्नो दृष्टिमा ठीक ठहरेको कुरा** गरेझैँ तिमीहरूले **नगर्नू**, किनकि जुन विश्रामस्थान र उत्तराधिकार परमप्रभु तिमीहरूका परमेश्‍वरले तिमीहरूलाई दिन लाग्नुभएको छ, त्यहाँ तिमीहरू अझ आइपुगेका छैनौ।
- ☐ न्यायकर्ता १७:६ त्यस बेला इस्राएलमा कुनै राजा थिएनन्, र **हरेक मानिसले आफ्नो दृष्टिमा जे ठीक लाग्थ्यो त्यही गर्थ्यो।**
- ☐ हितोपदेश १२:१५ **मूर्खको बाटो** आफ्नो नजरमा ठीकै देखिन्छ, तर समझदार मानिसले अरूको सल्लाह सुन्छ।

**फिलिप्पी** २:७ **तर आफैलाई रित्त्याईकन कमारा**को रूप धारण गरेर, तथा मनुष्य भएर जन्मनुभयो।

दोस्रो चरण

- o सबै मानिसहरु पदलाई, महत्वलाई, मानलाई खोजी गर्छन् ।
- o परमप्रभुले भन्नुहुन्छ : "पहिले उहाँको राज्य र उहाँका धार्मिकताको खोजी गर," मत्ती ६:३३
- o मत्ती २०:२६ तिमीहरूका बीचमा यस्तो हुनेछैन, तर जो तिमीहरूमा ठूलो हुने इच्छा गर्दछ, त्यो तिमीहरूको सेवक हुनुपर्छ।

- ▪ यूहन्ना ५:१९–२० येशूले तिनीहरूलाई भन्नुभयो, "साँच्चै, म तिमीहरूलाई भन्दछु, **पुत्र आफैले केही गर्न सक्दैन**, तर पिताले जे गर्नुभएको **देख्छ** त्यही मात्र गर्छ, किनकि पिताले जे गर्नुहुन्छ, पुत्रले त्यसै गर्छ। किनभने पिताले **पुत्रलाई प्रेम गर्नुहुन्छ**, र उहाँ आफैले गरिरहनुभएका **सबै काम** पुत्रलाई **देखाउनुहुन्छ**। यीभन्दा महान् काम उहाँले पुत्रलाई देखाउनुहुनेछ, र तिमीहरू आश्‍चर्यचकित हुनेछौ।

यूहन्ना १:३५–३९ दुई चेलाहरुले येशूलाई पछ्याएका थिए . . . येशूले भन्नुभयो

**"आओ**, र **तिमीहरूले देख्नेछौ**।"

लूका २४:३१ तब तिनीहरूका आँखा खुले, र तिनीहरूले उहाँलाई चिने। अनि उहाँचाहिँ तिनीहरूका दृष्टिबाट अल्पिनुभयो।

हबकूक २:१ म मेरो पहरामा नै उभिरहनेछु, . . . यस उजूरको कस्तो जवाफ मैले दिनुपर्ने सो म हेरिबस्नेछु।

भजनसंग्रह ५:३ हे परमप्रभु, **बिहानै** तपाईंले मेरो सोर सुन्नुहुन्छ। सबेरै तपाईंको अगि मेरो प्रार्थना राख्दछु, र **आशामा पर्खन्छु।**

- यूहन्ना ५:३० "म आफै केही गर्न सक्दिनँ। जस्तो म सुन्छु, त्यस्तै न्याय म गर्छु, र मेरो न्याय ठीक ठहर्छ, किनकि म आफ्नो इच्छा खोज्दिनँ, तर मलाई पठाउनुहुनेको इच्छा खोज्दछु।

यूहन्ना १३:१–४; २३–२६ उहाँको सेवा गर्नु र अरुको सेवा गर्न शुरु घनिष्टतामा हुन्छ, उहाँलाई **सुन्नु** ।

हितोपदेश ८:३४ त्यही मानिस **सुखी** हो, जसले **मेरो वचन सुन्छ**, जो दिनहुँ मेरो ढोकामा **नियालेर हेर्दै,** मेरो ढोकानेर **पर्खिरहन्छ**।

म मेरो आफ्नै इच्छा खोज्दिन, तर उहाँको जसले मलाई पठाउने इच्छा खोज्दछु । यो साँचो हो जसले उहाँलाई अधिकारका साथ सेवा गर्न ढोका खोल्दछ ।

**फिलिप्पी** २:८ स्वरूपमा मानिसजस्तै भएर **आफैलाई होच्याउनुभयो, र मृत्युसम्मै, अर्थात् क्रूसको मृत्युसम्मै आज्ञाकारी रहनुभयो।** **तेस्रो चरण**

- ❖ मुल्य, कष्टको वास्ता नगरि येशूको आज्ञापालन गर्नु ।

- मत्ती १६:२४ तब येशूले आफ्ना चेलाहरूलाई भन्नुभयो, "कोही मेरो पछि आउने इच्छा गर्दछ भने, **उसले आफूलाई इन्कार गरोस्** र **आफ्नो क्रूस उठाएर मेरो पछि लागोस्**। र हामी अधिकार र शक्तिमा हिड्नेछौं

**फिलिप्पी २:९ त्यसैकारण** (मृत्युसम्मै आज्ञाकारि) **परमेश्वरले उहाँलाई अति उच्च पार्नुभयो**, र उहाँलाई त्यो **नाउँ प्रदान गर्नुभयो**, जो हरेक नाउँभन्दा उच्च छ,

- जब उहाँले तपाईलाई माथि उठाउनुहुन्छ र उहाँले चुन्नुभएको तहलाई दिनुहुन्छ भने तपाई यहि तिन चरणहरु पछ्याउनुहुन्छ ।

याकूब ४:१० प्रभुको सामने **आफूलाई विनम्र तुल्याओ**, र **उहाँले तिमीहरूलाई उच्च पार्नुहुनेछ**।

हितोपदेश २२:४ नम्रता र परमप्रभुको भयले धन, **मान** र जीवन ल्याउँछ।

यूहन्ना १२:२६ कसैले **मेरो सेवा गर्छ** भने त्यसले **मलाई पछ्याओस्** र म जहाँ छु, मेरो सेवक पनि त्यहाँ हुनेछ। कसैले मेरो सेवा गर्छ भने **पिताले त्यसको कदर गर्नुहुनेछ**।

यो चाहिँ अहिले, उहाँलाई क्रूसमा टाँगेपछि र पुर्नरुत्थानपछि येशूले भन्नुभयो:

- तब येशू तिनीहरूकहाँ आएर भन्नुभयो, **"स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिइएको छ। !(** यसकारण **जाओ** (खटाउनेको अधिकार), र सबै देशका जातिहरूलाई **चेला बनाओ**, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई **बप्तिस्मा देओ**, **@)** मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई **सिकाओ**। हेर, म युगको अन्त्यसम्म सधैँ तिमीहरूका साथमा छु।" मत्ती २८:१८–२०

आदमले हराएको वा दिएको अधिकारलाई येशूले फेरि प्राप्त गर्नुभयो, र जब हामी उहाँको आज्ञा, उहाँको इच्छालाई पालन गर्छौं भने हामीलाई **अधिकार दिनुहुन्छ** ।

**जब हामी हाम्रो अधिकारहरु दिन्छौं – उहाँको र अरुको सेवा गरौं र आफुलाई नम्र पार्नु चाहिँ जब हामी भरोसालाई किन्छौं र हामीलाई अधिकार दिइएको हुन्छ ।**

**फिलिप्पी २:१०** **कि** स्वर्गमा, पृथ्वीमाथि र पृथ्वीमुनि भएको हरेक प्राणीले **येशूको नाउँमा** घुँड़ा टेक्नुपर्छ, (११) र हरेक जिब्रोले परमेश्वर पिताका महिमाको निम्ति येशू ख्रीष्टलाई प्रभु भनी स्वीकार गर्नुपर्छ।

- उदाहरण : लूका १०:१–३, ९, १६–२० . . . मैले तिमीहरुलाई अधिकार दिएकोछु ।

**साँचो अधिकार चाहिँ** माथिल्लो अधिकारीले **दिनु पर्दछ** । यदि अधिकार दिइएको **होइन** र खालि लिइएको मात्र हो भने, . . . **यो चाहिँ विद्रोह हो** ।

रोमी १३:१-२ हरेक व्यक्ति **शासन गर्ने प्रशासकहरूका अधीनमा बसोस्।** परमेश्‍वरबाट आएको अधिकारबाहेक अरू कुनै अधिकार हुँदैन। जुन प्रशासकहरू छन्, ती परमेश्‍वरबाटै नियुक्त भएका हुन्। (२) यसकारण **प्रशासकहरूका विरुद्धमा खड़ा हुनेले परमेश्‍वरबाट नियुक्त भएकाहरूको विरोध गर्छ,** र जस-जसले विरोध गर्छन्, तिनीहरूले **दण्ड**को आज्ञा पाउनेछन्।

**हाम्रो तेस्रो सत्यता** : उहाँले हाम्रो लागि जे निर्धारित गर्नुभएको छ त्यसको **विरुद्ध**मा उठ्नु चाहिँ **परमप्रभुको विरुद्धमा उठ्नु हो** र दण्डले पछ्याउनेछ ।

- तसर्थ यसले हामीलाई हाम्रो राष्ट्रको कानुनलाई मान्न बाध्य बनाउदछ : रोक्नुहोस् भन्ने चिन्हहरु–गति धिमा–करहरु, र सूची बढ्दैजान्छ ।

**ग.** परमप्रभु परमेश्वरको अधिकारको विरुद्धमा **पहिलो विद्रोह** चाहिँ उहाँले सृष्टि गर्नुभएको स्वर्गदूत, **लुसिफर**को थियो (यशैया १४:१२-१६; इजिकिएल २८:१२-१९)।

लुसिफरले अधिकारलाई लिने कोशिस गरे तर उनलाई दिइएको थिएन र परमप्रभु परमेश्वरको **विरुद्धमा खडा भए** ।

लुसिफरको **दण्ड** : नाम परिवर्तन / उसको तह गुम्यो / स्वर्गबाट तल फालियो; र अन्त्यमा सिओल र नरककुण्डको दहमा ।

अधिकारीको विरोध चाहिँ **शैतानको सिद्धान्त** र यसले अनुशासन वा दण्डको नतिजा ल्याउदँछ ।

**शैतानको उद्धेश्य** चाहिँ धैरै भन्दा धैरैलाई विद्रोहमा ल्याउनु हो । उसको पहिलो शिकार चाहिँ आदम र हव्वा र त्यसपछि देखि अनिश्चित संख्या ।

**दोस्रो विद्रोह** : आदम र हव्वा :

परमप्रभु परमेश्वरले **आदम र हव्वा**लाई सारा पृथ्वी माथिको अधिकार दिनुभएको थियो (उत्पत्ती १:२८)। उनीहरुले परमप्रभुको वचनलाई अस्विकार गर्न चुने र उनीहरुले

सर्पको विचारलाई आज्ञा पालन गर्न र सुन्नलाई आफ्नै अधिकारमा रहन चुने । यसो गर्नाले **उनीहरु उसको दासहरु बने** ।

- रोमी ६:१६ **के तिमीहरू जान्दैनौ, आज्ञाकारी कमाराको रूपमा आफैलाई जसकहाँ समर्पण गर्छौ,** जसको **आज्ञा** तिमी **पालन** गर्छौ, त्यसको कमारा पनि हुन्छौ? कि त मृत्युतिर लाने पापको कमारा अथवा धार्मिकतातिर लाने आज्ञाकारिताको?

आदम र हव्वाले **उनीहरुसँग भएको अधिकारलाई दिए** - **पृथ्वी** - जसको **आज्ञापालन** उनीहरुले गरे, **दुष्ट**लाई जसले मार्छ, चोर्छ र नास पार्छ ।
यो कुराको प्रमाण येशूसँगको शैतानको कुराले प्रष्ट पार्दछ ।

- लूका ४:५-७ त्यसले उहाँलाई एउटा उच्च स्थानमा लगेर एकै क्षणमा **जगत्‌का सबै राज्यहरू** देखायो। **६** दियाबलसले उहाँलाई भन्यो, **"म यो सारा अधिकार र यिनको गौरव तपाईंलाई दिनेछु**, किनभने **यी सबै मलाई सुम्पिएका छन्**, र म जसलाई इच्छा गर्दछु, त्यसलाई दिँदछु। **७** तपाईंले मलाई दण्डवत् गर्नुभयो भने यी सबै तपाईंका हुनेछन्।"

परमप्रभुले आदम र हव्वालाई **अनुशासन**मा राख्नुभयो र बगैचाको बाहिर धपाउनुभयो (परमेश्वरको राज्य जस्तो) - **उनीहरु अझैं पनि परमप्रभुका थिए** (उहाँले उनीहरुलाई छालाले ढाक्नुभयो, रगत बहाइयो । उत्पत्ती ३:२१) - तर अहिले **उनीहरु "अन्धकारको शासन** (राज्य)**मा" रहेकाछन्** (कलस्सी १:१३) **"संसारको शासकले नियन्त्रण गरेको छ"** (यूहन्ना १२:३१; १६:११)।

र यहि नै आज सबै मानिसहरु रहेका छन् **जबसम्म** प्रभु येशू ख्रीष्टको उद्धार प्राप्त गर्दैनन् ।

- कलस्सी १:१३ **उहाँले हामीलाई अन्धकारको राज्यदेखि छुटाउनुभयो**, र **आफ्ना प्रिय पुत्रको राज्यभित्र हामीलाई सार्नुभएको छ**।

**कृपया चिन्नु होस् - एकदमै होशियार रहनुहोस् - कसलाई सुन्दैहुनुहुन्छ, र तपाई कसको आज्ञापालन गर्दै हुनुहुन्छ ।**

एउटै मात्र मार्ग : परमेश्वरको वचन, जुनबाट तपाईलाई दुष्टले छल गर्न सक्दैन, जसरी उसले येशूलाई कोशिष गरेको थियो, यसको लागि तपाइले वचनलाई जान्नु पर्दछ ।

- भजनसग्रह ११९:११ **तपाईंको विरुद्धमा पाप नगरूँ भनेर**, तपाईंको वचन मैले मेरो हृदयमा सुरक्षित राखेको छु।

- मत्ती ७: १३-१४ "साँघुरो ढोकाबाट भित्र पस, किनभने विनाशमा पुऱ्याउने ढोका फराकिलो र बाटो सजिलो हुन्छ, र यसबाट भित्र पस्नेहरू **धेरै** हुन्छन्। (विद्रोही भिडलाई पछयाउनु) १४ किनभने जीवनमा पुऱ्याउने ढोका साँघुरो हुन्छ र बाटो कठिन हुन्छ, जसले चाहिँ जीवनमा पुऱ्याउँछ, र त्यो भेट्टाउने **थोरै** नै हुन्छन्। (परमप्रभुलाई पछयाउनु) । भजनसंग्रह १ हितोपदेश ४:१४-२३; १०:९

कसलाई तपाईले पछयाउदैहुनुहुन्छ ? भिडलाई ? वा परमप्रभुलाई ?



## घ. अधिकारलाई अस्विाकार गर्दा नतिजाहरु छन् केहि धेरै गम्भिर ।

**राजा शावलले आफ्नो अधिकारीको अनाज्ञाकारि भएको उदाहरण :**

१. उसको सन्तानले पाउनु पर्ने पैत्रिक सम्पत्ती पाएनन्

१ शमूएल १३:१३-१४ शमूएलले शाऊललाई भने, “तपाईंले मूर्ख काम गर्नुभयो। परमप्रभु तपाईंका परमेश्‍वरले तपाईंलाई दिनुभएको आज्ञा तपाईंले पालन गर्नुभएन। यदि तपाईंले पालन गर्नुभएको भए त **उहाँले तपाईंको राज्य इस्राएलमाथि सधैंको निम्ति स्थिर गराउनुहुनेथियो।** तर अब तपाईंको राज्य निरन्तर रहनेछैन। परमप्रभुले आफैले रुचाउनुभएको एक जना मानिस खोज्नुभएको छ, र तिनलाई नै आफ्ना प्रजाका अगुवा हुनलाई नियुक्त गर्नुभएको छ, किनभने तपाईंले परमप्रभुको आज्ञापालन गर्नुभएन।”

२. उसले आफ्नो तह र सेवाकाइ गुमाए

१ शमूएल १५:१०-११ तब परमप्रभुले शमूएललाई यसो भन्नुभयो, “शाऊललाई राजा तुल्याएकोमा मलाई पछितो लागेको छ, किनभने **त्यसले आफ्नो मुख मदेखि मोड़ेको छ**, र **मेरो आज्ञा त्यसले पालन गरेको छैन**।” शमूएल विचलित भए, र तिनले रातभरि परमप्रभुलाई पुकारा गर्दैरहे।

पद: २२-२३ तर शमूएलले भने (शावललाई), “होमबलि र बलिदानभन्दा बेसी परमप्रभुले **आज्ञापालन** नै रुचाउनुहुन्न र? **आज्ञापालन** बलिदानभन्दा उत्तम हो, र उहाँको वचन मान्नु भेड़ाको बोसोभन्दा असल हो। उहाँको **आज्ञा उल्लङ्घन गर्नु तन्त्रमन्त्रको पापजस्तै हो**, र **हठी हुनु मूर्तिपूजा गर्नुजस्तै खराब हो** (विषेश दुष्ट आत्माहरुबाट प्राप्त जादूको शक्तिहरुको प्रयोगद्धारा प्राप्त, दुष्टलाई कानूनिरुपमा दिनु) । तपाईंले परमप्रभुको वचनलाई **त्यागनुभयो**, यसैले **परमप्रभुले पनि तपाईंलाई राजाको पददेखि त्याग्नुभएको छ**।” (व्यवस्था १८:१०+)

शावलको निरन्तरको **अनाज्ञाकारिता**ले आफ्नो पदलाई गुमाउने नतिजामा ल्यायो, (**अनन्त जीवन होइन**) र तर किनकि उनी परमेश्वरले उनको बारेमा के सोच्नुहुन्छ भन्ने भन्दा ज्यादा मानिसहरुले उनको बारेमा के सोच्छन् भनि कुरामा नै ध्यान दिन्थे ।

> पद २४ शाऊलले शमूएललाई भने, "मैले पाप गरें। मैले परमप्रभुको आज्ञा र तपाईंका हुकुमको वास्ता गरिनँ। म मानिसहरूसँग **डराएँ**, र तिनीहरूको कुरा मैले मानें।

तपाईले जसको डर मान्नुहुन्छ त्यसैको आज्ञापालन गर्नुहुन्छ ।
**यदि प्रेम** आज्ञापालनको लागि प्रेरक होइन भने, डर चाहिँ हुनै पर्दछ ।
हितोपदेश १६:६ परमप्रभुको भयद्वारा मानिस खराबीदेखि अलग रहन्छ।

अभिभावकहरु, जसरी हाम्रो स्वर्गिय पिता, हामीले पनि **प्रेम** र **अनुशासन** दुवै गर्नुपर्दछ यदि आवश्यक छ भने डरको बद्लीमा हाम्रो सन्तानहरुलाई आज्ञापालन गर्न सिकाउनुहोस्

शावलको परमेश्वरको वचन (अधिकार) प्रतिको **अनाज्ञाकारिता**को मुल्य उसले चुकाउनु पर्यो :
१. उसको पद २. धेरै समस्याहरु
किनभने **विद्रोह चाहिँ जादूटुनाको पाप जस्तै हो** । शावल शैतानको राज्यमा प्रवेश गर्न कदम बढाएको थियो, उसले साँचो रुपमा पश्चाताप र उसको पापलाई स्वीकार गरेको थिएन, तसर्थ :

१ शामूएल १६:१४ परमप्रभुका आत्माले शाऊललाई त्यागनुभयो, अनि **परमप्रभुबाटको एउटा हानिकारक आत्माले उनलाई बेला बेलामा पक्रन्थ्यो।**

- पुरानो नियममा, पवित्र आत्मा चाहिँ परमप्रभुलाई सेवा गर्ने चुनाव गर्नेहरुलाई शशक्तिकरण र अधिकार दिन दिइएको छ । उनीहरु अनाज्ञाकारि भए पछि पवित्र आत्मा उनीहरुबाट जानुभयो ।
- हितोपदेश १७:११ खराब मानिसको झुकाव विद्रोहतिर मात्रै हुन्छ, त्यसको विरुद्ध एक निष्ठुर अधिकृत पठाइनेछ।

राजा शावलले परमप्रभुको जो उ माथिको अधिकारि हुनुहुन्थ्यो अनाज्ञाकारि भएकोमा यो चाहिँ गम्भिर नतिजा वा परिणाम थियो ।

- शावल परमप्रभुको थियो, तसर्थ दुष्ट आत्माले परमप्रभुको आज्ञा बिना शावललाई दुःख दिन सक्दैनथ्यो ।
- शावलले आज्ञापालन गर्न तिरस्कार गरे र विद्रोह चाहिँ जादूटुनाको पाप हो, र जसको आज्ञापालन गर्न चुनाव गर्नुहुन्छ त्यसैको दास बन्नुहुन्छ त्यसैले "दुष्ट आत्मा"लाई बैधानिक अधिकार थियो । र तसर्थ परमप्रभुले दुःख दिनलाई अनुमति दिनुभयो ।
- किनभने उहाँको मानिसहरुप्रति परमप्रभुको महान् प्रेम, र यस पृथ्वीमा उहाँको साक्षीहरु, राजदूतहरु हुने हाम्रो दायित्व हो, उहाँले हामीलाई अनुशासनमा राख्नुहुन्छ । "उहाँले हामीलाई दुष्टबाट छुटाउनुहुन्छ ।"

"*परमेश्वरको सन्तानहरु*" जस्तै, "स्वर्गिय अधिकार"ले अनुमति नदिएसम्म हामी माथि कुनै अधिकारको "अधिकार" हुदैन ।
जसरी येशूले भन्नुभयो : यसकारण पिलातसले उहाँलाई भने, “के तिमी मसँग बोल्दैनौ? तिमीलाई छोडिदिने अधिकार मसँग छ, र तिमीलाई क्रूसमा टाँग्ने अधिकार पनि मसँग छ भन्ने तिमीलाई थाहा छैन?” येशूले जवाफ दिनुभयो, “तपाईंलाई माथिबाट नदिइएको भए ममाथि तपाईंको केही अधिकार हुनेथिएन। यसकारण मलाई तपाईंका हातमा सुम्पिदिने अझ बढ़ी पापको दोषी छ।” यूहन्ना १९: १०-११

- **हामी पनि यहि भनाइ बनाउनसक्छौं । "येशू परमेश्वरको पुत्र"लाई जे सत्य हो त्यहिँ नै हामीलाई "परमेश्वरको सन्तानहरु" पनि हो ।**
- **संसारको वा आत्मिकी अधिकारको हामीमाथि केही अधिकार हुदैन यदि यो माथिबाट दिइएको होइन ।** सेला

तसर्थ म सल्लाह दिन्छु कि हामी : **यसकारण आफैलाई परमेश्‍वरको अधीनमा राख।** दियाबलसको **विरोध** गर, र त्यो तिमीहरूबाट भाग्नेछ। याकुब ४:७

- यसले व्यख्या गर्दछः मत्ती १८:२१-३५ ("हानिकारक आत्मा" पद ३४)

**यो प्रश्न हुन्छ कि : तपाई कसको आज्ञापालन गर्नुहुन्छ ? तपाई को प्रति समर्पित हुनुहुन्छ ?**
**तपाईलाई के हुन्छ यदि जीवनको धेरै खण्डहरु यि कुराहरुले नियन्त्रित हुन्छ भने :**
**तपाई कसबाट विरोध गर्नुहुन्छ ? र तपाई कसको आज्ञापालन गर्नुहुन्द्ध ?**

३. उसको जीवन छोटो पारियो

१ शमूएल २८:१९ त्यही कारण तिमी र तिम्रो प्रजा इस्राएललाई परमप्रभुले पलिश्तीहरूका हातमा पर्न दिनुहुनेछ। **भोलि तिमी र तिम्रा छोराहरू मसँग हुनेछौ।** हो, साँच्ची नै परमप्रभुले इस्राएली सेनालाई पलिश्तीहरूका हातमा सुम्पिदिनुहुनेछ।”

**परमप्रभुको मानिसहरु माथि उच्च अधिकार दिइएको मानिसलाई, जानिजानि निरन्तर अनाज्ञाकारि वा विद्रोही बन्नु, त्यस्तो मानिसलाई परमप्रभुले घर बनाउनुहुन्छ ।**

> हितोपदेश २९:१ घरीघरी हप्की पाएर पनि कोही हठी नै भइरहन्छ भने, त्यो एक्कासि नाश हुनेछ, तरकीबै नरहने गरी।

**परमेश्वरमा आज्ञाकारि बन्नु र लामो र स्वस्थ जीवनको सिधै सम्बन्ध छः**
एफिसी ६:१-३ छोरा-छोरी हो, प्रभुमा **आफ्ना आमा-बुबाको आज्ञापालन गर**, किनकि यो उचित हो। २ आफ्ना बुबा र आमाको **मान** गर। (जो प्रतिज्ञासहितको पहिलो आज्ञा हो), ३ कि **तिमीहरूलाई भलो होस्, र पृथ्वीमा तिमीहरू दीर्घायु होओ।**

हितोपदेश ३:७-८ आफ्नै नजरमा बुद्धिमान् नहोऊ, **परमप्रभुको भय मान्** र **दुष्कर्मलाई त्याग्**। यसले तेरो **शरीरलाई स्वस्थ तुल्याउनेछ र तेरो हड्डीको लागि पोषण दिनेछ**।
१ कोरन्थी ११:२७-३२ यसकारण जसले अयोग्य रीतिले प्रभुको रोटी खान्छ, कि प्रभुको कचौराबाट पिउँछ, त्यो मानिस प्रभुको शरीर र रगतलाई अपवित्र तुल्याएकोमा दोषी ठहरिनेछ। हरेक मानिसले आफूलाई जाँचोस्, अनि मात्र त्यसले रोटी खाओस्, र कचौराबाट पिओस्। किनकि प्रभुको शरीरलाई नचिनिकन जसले खान्छ र पिउँछ त्यसले त्यो खाएको र पिएको कारणले आफूमाथि दण्ड ल्याउनेछ। **यसैकारण**

**तिमीहरूमध्ये धेरै जना दुर्बल र रोगी छौ, र कति जनाचाहिँ मरिसकेका छन्।** तर हामी साँच्चै आफैले आफैलाई जाँचेका छौं भने हामी न्यायमा पर्नेछैनौं। तर जब प्रभुले हाम्रो न्याय गर्नुहुन्छ, तब हामीलाई ताड़ना दिनुहुन्छ, ताकि संसारसँग हामी दोषी नठहरिऔं।

हामीलाई १ कोरन्थी १०: १-१३ मा इस्राएलीहरुलाई मिश्रबाट छुटाएपछिको घटना जनाउदै चेतावनी दिइएको छ । (११) यी कुराहरू तिनीहरूलाई चेताउनीको निम्ति भए तापनि ती **हाम्रै शिक्षाको निम्ति लेखिएका हुन्**, जसमाथि युगको अन्त्य आइसकेको छ।

**इस्रायलीहरुले उनीहरुमाथिको अधिकारीको विद्रोह गरेको थियो र आज्ञापालन गर्न र प्रतिज्ञाको देशमा प्रवेश गर्न इन्कार गरेका छन् :**

गन्ती १४:२२-२५ मिश्र र उजाड़-स्थानमा मेरा महिमा र आश्‍चर्यकर्महरू देखेर पनि **अनाज्ञाकारी** भई **दश पल्ट मेरो जाँच गर्ने** यी सारा मानिसहरूले [२३] तिनीहरूका पुर्खाहरूलाई शपथ खाएर भनेको प्रतिज्ञाको देश **देख्नेछैन**। मलाई तिरस्कार गर्नेले **त्यो कहिल्यै देख्नेछैन।** [२४] **तर मेरो दास कालेबमा अर्कै आत्मा छ**, र **त्यसले पूरै रीतिले मेरो अनुसरण गरेको छ**। यसैकारण त्यो पसेर आएको देशमा म त्यसलाई लैजानेछु र त्यसका **सन्तानले त्यो अधिकार गर्नेछन्**। [२५] अमालेकी र कनानीहरू बेँसीहरूमा बसेका हुनाले भोलि नै तिमीहरू फर्क र लाल समुद्रको बाटो भएर उजाड़-स्थानतिर जाओ।

- बुबाहरु हो, तपाईहरुको व्यवहार, तपाईहरुको आत्माको असर प्रचुरमात्रामा तपाईको सन्तानहरुको व्यवहार र आत्मामा पर्दछ ।

**मोशाको विरुद्धमा कोरहको विद्रोह** - उनीहरु माथिको अधिकार ।

कोरह पहिले नै परमप्रभुको अधिकारी मोशाको विरुद्ध दश विद्रोहहरुमा सहभागि बनेका थिए ।

गन्ती १६:३२ अनि धरतीले आफ्नो मुख बाएर उनीहरू र उनीहरूका घरानाहरू– कोरहतर्फका सबै मानिसहरू– उनीहरूका मालतालसमेतलाई निलिहाल्यो।

**मोशा परमप्रभुको विरुद्धमा विद्रोह, अनाज्ञाकारिता ।**

प्रस्थान १७:२-७ मिश्र देशबाट आए लगतै मरुभुमिमा :

यसकारण तिनीहरूले मोशासित **झगड़ा** गरेर भने, “हामीलाई खाने पानी दिनुहोस्।” मोशाले तिनीहरूलाई भने, “तिमीहरू किन **मसित कलह गर्दछौ**? तिमीहरू किन **परमप्रभुको परीक्षा गर्दछौ**?” [3] तर मानिसहरूलाई पानीको तिर्खा लाग्यो, र ती यसो भनेर मोशाको विरुद्धमा **गनगनाए**, “तपाईंले हामी, हाम्रा बालबच्चा र पशुहरूलाई तिर्खाले मार्न किन मिश्रबाट यहाँ ल्याउनुभयो?” [4] तब मोशाले यसो भनी परमप्रभुलाई पुकारा गरे, “म यी मानिसहरूलाई के गरूँ? यिनीहरूले त **मलाई ढुङ्गाले हान्नै आँटेका छन्**।” [5] परमप्रभुले मोशालाई भन्नुभयो, “इस्राएलीहरूका धर्म-गुरुहरूमध्ये कतिलाई साथमा लिएर मानिसहरूका अगिअगि जा, र तैंले **नील नदीलाई हिर्काएको** (न्यायको लौरो) तेरो **लहुरो** पनि आफ्नो हातमा लिएर जा। [6] म होरेबमा भएको **चट्टान**मा तेरो अगि खड़ा हुनेछु। **तैंले चट्टानलाई हिर्काउनू**, र मानिसहरूले पिउनलाई त्यहाँबाट पानी निस्कनेछ।” तब मोशाले इस्राएलीहरूका धर्म-गुरुहरूका सामुन्ने त्यसै गरे। [7] “परमप्रभु हाम्रा बीचमा हुनुहुन्छ कि हुनुहुन्न” भन्ने इस्राएलीहरूका झगड़ाको कारण र तिनीहरूले परमप्रभुको परीक्षा गरेको कारण त्यस ठाउँको नाउँ तिनले मस्सा* र मेरीबा* राखे।

- यो "चट्टान" **क्रूसमा मारिएको** चित्रण हो । "चट्टान"लाई हिर्काइएपछि, जीवन र धेरै आशिष्हरु उहाँको मानिसहरुमा बहेर गयो ।

१ कोरन्थी १०:४ सबैले आत्मिक पानी पिए, किनकि तिनीहरूका साथसाथै हिँड्ने आत्मिक चट्टानको पानी तिनीहरूले पिए। त्यो **चट्टानचाहिँ ख्रीष्ट नै हुनुहुन्थ्यो**।

उनीहरुले प्रतिज्ञाको देशमा छिर्न **विद्रोह** र **इन्कार** गरेर उनीहरु मरुभुमि फर्केर आएपछि ।

गन्ती २०:१-१३ इस्राएलीहरूका सारा समुदाय पहिलो महिनामा जीनको उजाड़स्थानमा आइपुगे, र कादेशमा वास बसे। अनि मिरियम त्यहीँ मरिन्, र तिनीहरूले तिनलाई त्यहीँ नै गाड़े। [2] समुदायको निम्ति त्यहाँ पानी थिएन, अनि मानिसहरू **मोशा र हारून्का विरुद्धमा जम्मा भए**। [3] तिनीहरूले मोशासित **झगड़ा गरेर** यसो भने, “हाम्रा दाजुभाइहरू परमप्रभुको सामु मर्दा हामी पनि मरेको भए असल हुनेथियो, [4] किनभने अब हाम्रा गाईबस्तुसमेत हामी सब यहाँ मर्नेछौं। किन परमप्रभुको समुदायलाई तपाईंले यस उजाड़-स्थानमा ल्याउनुभयो? [5] मिश्रबाट किन हामीलाई यस खराब ठाउँमा

ल्याउनुभयो? यस ठाउँमा अन्न, अथवा नेभारा वा दाख वा अनारहरू केही छैनन्। यहाँ पिउने पानी पनि छैन।" [६] तब मोशा र हारून समुदायको सामुबाट भेट हुने पालको ढोकामा गएर घोप्टो परे, र परमप्रभुको महिमा तिनीहरूकहाँ देखा पऱ्यो। [७] परमप्रभुले मोशालाई भन्नुभयो, [८] "यो **लौरो लिएर** तँ र तेरो दाजु हारून गएर समुदायलाई जम्मा गर। तिनीहरूका आँखाकै सामुन्ने यस **चट्टानलाई हुकुम गर्** र **चट्टानबाट पानी निस्कनेछ**, र तैंले यस चट्टानबाट तिनीहरूका निम्ति पानी निकाल्नेछस्। यसरी तैंले समुदाय र तिनका गाईबस्तुहरूलाई पानी दिनेछस्।"

- चट्टान क्रूसमा झुण्डिएपछि जो येशू ख्रीष्टको नमूना न्याय पुरा भयो, अब अहिले तपाईले गर्नुपर्ने काम **चाहिँ** चट्टानसँग **कुरा गर्नु** हो र जीवनको आशिष्हरु बहनेछन् । अर्को क्रूसमा मारिनु वा बलिदानको आवश्यकता छैन ।

[९] तब परमप्रभुले आज्ञा गर्नुभएझैं मोशा **लौरो लिएर उहाँको सामुन्नेबाट** गए, [१०] अनि मोशा र हारूनले **चट्टान**को सामुन्ने समुदायलाई जम्मा गरे। तब मोशाले तिनीहरूलाई भने, "सुन, ए **विद्रोही** मानिस हो! के यही चट्टानबाट हामी तिमीहरूका निम्ति पानी निकालिदिऔँ?" (मोशा रिसाए) [११] अनि मोशाले **आफ्नो हात उठाएर दुई पल्ट आफ्नो लौरोले चट्टान हिर्काए।**

- मोशाले विद्रोह गरे र आनाज्ञाकारि बने । तैपनि . . .

तब त्यहाँबाट प्रशस्त पानी फुटेर निस्क्यो, अनि समुदाय र तिनीहरूका गाईबस्तुले पिए।

- यो चाहिँ मोशाको विद्रोह थियो, मानिसहरुको होइन ।

[१२] तर परमप्रभुले मोशा र हारूनलाई भन्नुभयो, "मलाई इस्राएलीहरूका सामु **पवित्र तुल्याउनलाई** तिमीहरूले ममाथि **(विश्‍वास नगरेको हुनाले)** मैले तिनीहरूलाई दिने देशमा **तिमीहरूले यस समुदायलाई पुऱ्याउन पाउनेछैनौ।"** [१३] यसैलाई मेरीबाका पानी भनिन्छ। यहीँ नै इस्राएलीहरूले परमप्रभुसँग झगड़ा गरे, र तिनीहरूका बीचमा उहाँ पवित्र प्रकट हुनुभयो।

- विद्रोह वा अनाज्ञाकारितको नतिजाहरु :
  - उसको जीवन र सेवाकाई छोट्याइएको थियो ।
  - उसले प्रतिज्ञाको देशमा प्रवेश गर्न र देख्न पाएन ।
  - निस्तार चाढको भेडाको रगतको रगतको कारणले मोशा निश्‍चितरुपमा स्वर्गमा हुनुहुन्छ ।

- तसर्थ : भाइ हो, तिमीहरूमध्ये धेरै जना शिक्षक नहोओ। किनकि तिमीहरू जान्दछौ, हामी शिक्षा दिनेहरूको **न्याय अझ कठोर रूपले हुनेछ**। 2 किनकि हामी सबै धेरै भूल गर्दछौं। जुन मानिसले आफूले बोल्ने कुरामा भूल गर्दैन, त्यसले आफ्ना सारा शरीरमा पनि लगाम लगाउन सक्छ, र त्यो सिद्ध मानिस हुन्छ।

  याकुब ३:१२

लूका १२:४२ प्रभुले भन्नुभयो, "त्यो विश्‍वासी र बुद्धिमानी भण्डारे को हो, जसलाई त्यसका मालिकले आफ्ना परिवारलाई निश्‍चित समयमा तिनीहरूका भागमा पर्ने भोजन दिनलाई खटाउनेछन्?

- परमप्रभुले यस्ताहरुलाई खोजिरहनुभएको छ जसमाथि उहाँ उहाँको अधिकारका साथ भरोसा गर्नसक्नुहुन्छ ।

लूका १२:४८ तर मालिकको इच्छा नजानेर पिटाइ खाने योग्यको काम गर्नेले थोरै पिटाइ खानेछ। **प्रत्येक जसलाई धेरै दिइएको छ, त्यसबाट धेरै मागिनेछ,** र हरेक **जसलाई धेरै सुम्पिएको छ,** त्यसबाट **अझ बढ़ी लिइनेछ**।

## ङ. प्रभुले बनाउनुभएको अधिकारका ४ वटा संरचनाहरु

### १. परिवार : येशू > बुवा > आमा > सन्तानहरु

१ कोरन्थी ११:२-४ म तिमीहरूको तारीफ गर्दछु, किनकि सबै विषयमा तिमीहरू मलाई सम्झन्छौ, र मैले तिमीहरूलाई दिएका शिक्षाहरू कायम राख्तछौ। [३] तर तिमीहरूले यो बुझ भन्ने म चाहन्छु, कि हरेक मानिसको **शिर ख्रीष्ट हुनुहुन्छ**, स्त्रीको शिर तिनको **पति** हो, अनि ख्रीष्टको शिर परमेश्‍वर हुनुहुन्छ। [४] प्रार्थना गर्दा वा अगमवाणी बोल्दा आफ्नो शिर ढाक्ने मानिसले आफ्नो शिरको अपमान गर्दछ।

- परमप्रभुले आफुमुनि रहेकाहरुको दायित्वबहन गर्ने पुरुषलाई मन पराउनुहुन्छ । उदाहरण : जब हव्वाले पाप गर्नलाई सल्लाह र उत्साह दिईन्, परमप्रभुले आदमलाई यसको बारेमा सोध्नुभयो (उत्पत्ती ३:९-१२)।

उत्पत्ती ३:९ तर परमप्रभु परमेश्‌वरले मानिसलाई बोलाउनुभयो, "तँ कहाँ छस्?"

कलस्सी ३:२० **छोरा-छोरी हो**, प्रत्येक कुरामा आफ्ना आमा-बुबाको आज्ञापालन गर। किनकि यस कुराले प्रभुलाई प्रसन्‍न तुल्याउँछ।

एफिसी ६:१-३ **छोरा-छोरी हो**, प्रभुमा आफ्ना आमा-बुबाको आज्ञापालन गर, किनकि यो उचित हो। [२] आफ्ना बुबा र आमाको मान गर। (जो प्रतिज्ञासहितको पहिलो आज्ञा हो), [३] कि तिमीहरूलाई भलो होस्, र पृथ्वीमा तिमीहरू दीर्घायु होओ।

हितोपदेश ६:२०-२१ हे मेरो छोरो, **आफ्ना पिता**का आज्ञाहरू पालन गर्, र **आफ्नी आमा**को अर्तीलाई नत्याग्।
ती तेरो हृदयमा सधैँ राख्, तिनलाई तेरो घाँटीमा बाँधिराख्।

हितोपदेश ३०:१७ "त्यो आँखा जसले बाबुलाई खिसी गर्छ, र आमाको आज्ञालाई घृणा गर्छ, त्यसलाई बेँसीका कागहरूले ठुँगेर बाहिर निकाल्नेछन्, र गिद्धहरूले खानेछन्।

हितोपदेश १५:५ मूर्खले आफ्नो बाबुको ताड़नालाई लत्याउँछ, तर सुधारलाई ध्यान दिनेले बुद्धिमानी देखाउँछ।

**एउटा जवानले जसरी उसको अभिभावकहरुको अधिकारलाई प्रतिउत्तर दिन्छ त्यसरी नै उसले सबै अधिकारीहरुलाई प्रतिउत्तर दिन्छ ।**

**अभिभावकहरुले प्रेम र अनुशासन दुवै गर्नु नै पर्दछ जब उनीहरुल अनाज्ञाकारि हुन्छन् ।**

**२. सरकार : देशको नेताहरु > समाजको नेताहरु > नागरिकहरु**

१ पत्रुस २:१३-१४ प्रभुको खातिर मानिसको **हरेक शासन**को **अधीनमा बस**, चाहे त्यो सर्वोच्च राजाको होस्, (१४) अथवा हाकिमहरूको होस्, जो दुष्ट काम गर्नेहरूलाई दण्ड दिन र असल काम गर्नेहरूलाई प्रशंसा गर्न उहाँद्वारा खटाइएका हुन्छन्।

रोमी १३:१-७ हरेक व्यक्ति शासन गर्ने **प्रशासकहरू**का **अधीनमा** बसोस्। परमेश्वरबाट आएको अधिकारबाहेक अरू कुनै अधिकार हुँदैन। जुन प्रशासकहरू छन्, ती परमेश्वरबाटै नियुक्त भएका हुन्। (२) यसकारण प्रशासकहरूका विरुद्धमा खड़ा हुनेले परमेश्वरबाट नियुक्त भएकाहरूको विरोध गर्छ, र जस-जसले विरोध गर्छन्, तिनीहरूले दण्डको आज्ञा पाउनेछन्। (३) किनभने सुकर्मको निम्ति होइन, तर कुकर्मको निम्ति शासकहरूको डर मानिन्छ। के तिमी प्रशासकको डरमा रहन चाहँदैनौ? त्यसो भए, असल काम गर, र तिमीलाई तिनीबाट प्रशंसा मिल्नेछ। (४) किनकि तिम्रो भलाइको निम्ति तिनी परमेश्वरका सेवक हुन्। तर यदि तिमी खराबी गर्छौ भने डर मान, किनभने तिनले तरवार व्यर्थमा भिर्दैनन्। खराब काम गर्नेमाथि परमेश्वरको दण्ड ल्याउने तिनी परमेश्वरका सेवक हुन्। (५) यसकारण परमेश्वरको दण्डबाट बच्नलाई मात्र होइन, तर विवेकको निम्ति पनि तिमी तिनका अधीनमा रहनुपर्छ। (६) यसैकारणले पनि तिमी कर तिर्दछौ। किनकि प्रशासकहरू यसै कामको निम्ति निरन्तर लागिरहेका परमेश्वरका सेवक हुन्। (७) तिर्नुपर्ने कुरा सबैलाई तिर– कर तिर्नुपर्नेलाई कर, महसूल तिर्नुपर्नेलाई महसूल, आदर गर्नुपर्नेलाई आदर, इज्जत गर्नुपर्नेलाई इज्जत गर।

**३. मण्डली : येशू > मण्डलीको अगुवाहरु > मण्डलीको सदस्यहरु**

१ थेसलोनिकी ५:१२-१३ तर भाइ हो, हामी तिमीहरूलाई आग्रहपूर्वक बिन्ती गर्दछौं, कि तिमीहरूका माझमा परिश्रम गर्नेहरू, जो प्रभुमा अगुवाहरू हुन् र तिमीहरूलाई चेताउनी दिन्छन्, तिनको आदर गर, १३ र तिनीहरूका कामको खातिर तिनीहरूलाई प्रेमसाथ अति उच्च आदर गर। तिमीहरू आपसमा मेलमिलापमा बस।

हिब्रु १३:१७ तिमीहरूका अगुवाहरूको आज्ञापालन गर, र तिनीहरूका अधीनमा बस। किनकि लेखा दिनुपर्छ भन्ने कुरा जानेर नै तिनीहरूले तिमीहरूका प्राणको हेरचाह गर्छन्। यो काम तिनीहरूले आनन्दसाथ गरून्। दु:ख मानेर होइन, नत्रता त्यसबाट तिमीहरूलाई कुनै लाभ हुँदैन।

१ तिमोथी ५:१७ मण्डलीको असल देखरेख गर्ने एल्डरहरू दोबर आदरका योग्य हुन्छन्, विशेष गरी, जसले वचनको प्रचार र शिक्षामा परिश्रम गर्छन्।

१ पत्रुस ५:१-३ ख्रीष्टका कष्टको साक्षी र प्रकट हुने महिमाको सहभागी भएको नाताले र एक सङ्गी-एल्डरको हैसियतले तिमीहरूमध्येका एल्डरहरूलाई म आग्रह गर्दछु। (२) तिमीहरूको देखरेखमा राखिएको परमेश्‍वरका बगालको हेरचाह गर। करले होइन तर स्वेच्छाले, धनको लोभले होइन तर उत्साहसाथ, (३) तिमीहरूको जिम्मामा रहेकाहरूमाथि अधिकार जमाएर होइन, तर बगालको निम्ति उदाहरण भएर।

**४. व्यवसाय : येशू > मालिक > कामदारहरु**

कलस्सी ३:२२-२५ कमारा हो, प्रत्येक कुरामा यस संसारका आफ्ना मालिकहरूलाई आँखाका अगाडि खुशी तुल्याउने मात्र होइन, तर साँचो हृदयले प्रभुको डर राखेर तिनीहरूका अधीनमा **बस**।

२३ तिमीहरू जे गर्छौ **दिलोज्यानले** गर्ने गर, मानिसको होइन, तर प्रभुको सेवा **गरे**जस्तै,

२४ यो जानेर कि तिमीहरू आफ्ना उत्तराधिकार **इनाम**को रूपमा पाउनेछौ। तिमीहरू प्रभु ख्रीष्टको सेवा गरिरहेका छौ।

२५ किनकि आफूले गरेका कुकर्मको फल **कुकर्मी**ले पाउनेछ, र यसमा पक्षपात हुँदैन।

१ पत्रुस २:१८ कमारा हो, सम्पूर्ण आदरपूर्वक आफ्ना मालिकहरूका **अधीनमा बस**। तिमीहरूमाथि दयालु र भला हुनेहरूका अधीनमा मात्र होइन, तर **निर्दयीहरूका अधीनमा पनि।**

१ तिमोथी ६:१-२ दासत्वका जुवामुनि हुने सबैले आ-आफ्ना मालिकलाई **पूरा सम्मानको** योग्य ठानून्, ताकि परमेश्‍वरको नाउँ र हाम्रो शिक्षाको बदनामी नहोस्। विश्‍वासी मालिकहरूलाई तिनका कमाराहरूले विश्‍वासमा दाजुभाइ भन्दैमा अनादर नगरून्। बरु तिनीहरूले उनीहरूको **झन् बढ़ी सेवा** गरून्, किनभने तिनीहरूका सेवाबाट लाभ पाउनेहरू विश्‍वासी र प्रियहरू नै हुन्। यी कर्तव्यहरू पालन गर्न सिकाऊ, र आग्रह गर।

**च. हाम्रो जीवनको लागि परमेश्वरको योजना – उहाँको अगुवाई – चाहिँ प्राय जसो उहाँले हामी माथि स्थापित गर्नुभएको अधिकारीहरुद्वारा प्रकाश पार्नुहुन्छ ।**

**वयस्कहरुको लागि :**
परमेश्वरले हामीलाई निश्चिन्त गर्नुभएको छ कि हामी माथि भएकाहरुको हृदयलाई परिवर्तन गर्नुहुनेछ :

हितोपदेश २१:१ राजाको हृदय परमप्रभुको हातमा हुन्छ, खोलाको पानीझैँ जता मन लाग्यो उतै उहाँले फर्काउनुहुन्छ।

**जवान मानिसको लागि :**
हितोपदेश २२:१५ बालकको हृदय मूर्खताको बन्धनले जेलिएको हुन्छ, तर ताड़नाको बेतले उसबाट त्यो टाढ़ा भाग्नेछ।

हितोपदेश ६:२०-२२ हे मेरो छोरो, आफ्ना पिताका आज्ञाहरू पालन गर्, र आफ्नी आमाको अर्तीलाई नत्याग्। ती तेरो हृदयमा सधैँ राख्, तिनलाई तेरो घाँटीमा बाँधिराख्। तँ हिँड्दा **तिनले तेरो अगुवाइ गर्नेछन्**, तँ सुतेको बेला तिनले तेरो हेरचाह गर्नेछन्, तँ जागा छँदा तिनी तँसित बातचित गर्नेछन्।

आज धैरै जवानहरु स्पष्ट निर्देशन नपाएर भैतारिरहेका छन् र निरन्तररुपमा गलत निर्णयहरु गरिरहेका छन् **किनभने** उनीहरुले आफ्नो अभिभावकहरुको **अधिकार**लाई **अस्विकार** वा **विद्रोह** गर्छन् ।

धैरै जवानहरु उनीहरुको अभिभावकहरुको अधिकारबाट बच्न **भाग्छन्** र सेनामा भर्ति हुन्छन् । त्यसपछि उनीहरुले कठोर तरिकामा अधिकारीहरुको अधिनमा रहन सिक्छन् ।

धैरै जवानीहरु उनीहरुको अभिभावकहरुको अधिकारबाट बच्न **भाग्छन्** र उसको श्रीमान् चाहिँ माग्ने भाडो वा त्यो भन्दा ज्यादा भएको थाहा हुनलाई विवाह गर्छन् ।

अधिकारीहरुबाट भागिरहनेलाई परमप्रभुले के भन्नुहुन्छ ?

उत्पत्ती १६:९ परमप्रभुका दूतले त्यसलाई भने, “तेरी मालिक्नीकहाँ **फर्केर जा**, र **तिनकै अधीनमा बस्**।”
(सारा देखि हागर भागिरहेकी थिइन्, अब्राहामको श्रीमती ।)

हाम्रो चरित्र येशूको जस्तै बन्नको लागि विचार गर्दा, प्रभुले **हाम्रो चरित्रको** खस्रो भागलाई हटाउनलाई हामी माथिको जस्तो सुकै अधिकारीलाई प्रयोग गर्नुहुन्छ, जसरी सुनारले हिरालाई काटेर वनावट दिन्छ ।

परमेश्वरले हामी माथि राख्नुभएको अधिकारीहरुलाई

हाम्रो जीवनहरुमा भएको अनगिन्ती **चरित्र अभाव**हरुलाई सिद्ध

बनाउन **औजार**को रुपमा प्रयोग गर्नुहुन्छ ।

उदाहरण : योसेफ - फारो अधिनमा अधिकारी बनाउन अधि उसको **घमण्ड**लाई धेरै चुर्ण गर्नुपर्यो ।

हितोपदेश ८:१३ परमेश्वरको भय मान्नु दुष्टतालाई घृणा गर्नु हो, अभिमान, अहङ्कार, खराब चालचलन र भड्काउने कुराहरू म घृणा गर्छु।

छ. अनाज्ञाकारिताको चारवटा कारणहरु :

**१. जिद्दीपन**

१ शमूएल १५:२३ उहाँको **आज्ञा उल्लङ्घन गर्नु** तन्त्रमन्त्रको पापजस्तै हो, र **हठी हुनु** मूर्तिपूजा गर्नुजस्तै खराब हो। तपाईंले परमप्रभुको वचनलाई त्याग्नुभयो, यसैले परमप्रभुले पनि तपाईंलाई राजाको पददेखि त्याग्नुभएको छ।”

रोमी २:५ तर परमेश्वरको धार्मिक इन्साफ प्रकट हुने त्यस क्रोधका दिनको लागि आफ्नो **कठोर** र अपश्चात्तापी हृदयले गर्दा तिमीले आफ्नो निम्ति क्रोध थुपारिरहेछौ।

यर्मिया ७:२४ तर तिनीहरूले आज्ञापालन गरेनन् न त तिनीहरूले ध्यान नै दिए। त्यसको सट्टा तिनीहरू **आफ्नै दुष्ट हृदयको अटेरीपनामा** हिँड्दैरहे। तिनीहरू पछि हटे, अगि बढ़ेनन्।

यर्मिया १८:१२ तर तिनीहरूले त यस्तो जवाफ दिनेछन्, 'त्यसो गर्नु व्यर्थ छ। हामी त **आफ्नै युक्तिअनुसार हिँड्नेछौं**, हामी हरेक आफ्नै दुष्ट हृदयको **हठअनुसार** चल्नेछौं'।"

**२. तर्कवाद**

१. तर्कमा भर पर्नु चाहिँ विश्वास र कार्यको लागि उत्तम र्निदेशन हो ।

२. तर्कको अभ्यासको सिद्धान्त भन्दा अधिकारी वा आत्मिकी प्रकाशको स्वीकारले कार्य वा विश्वासको राम्रो वा असल आधार दिन्छ ।

३. आत्मा सन्तुष्टि परिकल्पना तर व्यवहारको लागि गलत कारणहरु

मानिसको **डर**बाट प्रेरित **तर्क** भन्दा परमेश्वरको अधिकारलाई स्वीकार गर्नु जसको कारण अब्राहामले झुट बोल्यो ।

उत्पत्ति २०: ११ अब्राहामले भने, "किनभने **मैले त सोचेको** थिएँ, यस ठाउँमा परमेश्वरको डर कसैलाई छैन, र मानिसहरूले मलाई मेरी पत्नीको कारण मार्नेछन्।

मानिसको डरले याकुबको **तर्क**लाई उत्पादन गर्यो र उसले लाबानलाई छल गर्यो ।

उत्पत्ति ३१: ३१ याकूबले लाबानलाई जवाफ दिए, "तपाईंले आफ्ना छोरीहरूलाई मबाट जबरजस्तसाथ खोस्नुहुन्छ कि भन्ने **मलाई डर लाग्यो**।

३. प्रभु प्रतिको प्रेम वा व्यक्ति (अधिकारी) प्रतिको आदर कमजोर हुन्छ ।

मलाई प्रेम गर्ने त्यही हो जससँग मेरा आज्ञा छन् र ती पालन गर्दछ। अनि मलाई प्रेम गर्नेलाई मेरा पिताले प्रेम गर्नुहुन्छ। म त्यसलाई प्रेम गर्नेछु, र म आफैलाई त्यसकहाँ प्रकट गर्नेछु।" यूहन्ना १४: २१

येशूले तिनलाई जवाफ दिई भन्नुभयो, "जसले मलाई प्रेम गर्छ, त्यसले मेरो वचन पालन गर्नेछ, र मेरा पिताले त्यसलाई प्रेम गर्नुहुनेछ, र हामी त्यसकहाँ आउनेछौं, र त्यससँग वास गर्नेछौं। यूहन्ना १४: २३

मलाई प्रेम नगर्नेले मेरा वचन पालन गर्दैन। जुन वचन तिमीहरू सुन्छौ, त्यो मेरो होइन, तर मलाई पठाउनुहुने पिताको हो। यूहन्ना १४: २४

४. **डर** प्रभुको, वा मानिसको चाहिँ कमजोर हुन्छ ।

तसर्थ हामी अझैं भर पर्दछौं. . . हामी **आफै**मा! हाम्रो **तर्क**मा!

## ज. अधिकारीहरुलाई प्रतिउत्तर दिनु

**ती अधिकारमा रहेकाहरु जति सुकै बेमेल वा बेईमानि भएता पनि , हामी उनीहरु प्रति देखाउने हाम्रा प्रतिकृयाहरुका लागि जवाफदेही छौं ।**

**हामीहरुमा परिपक्क मनोवृति विकाशगर्नका लागि प्रेरित गर्न परमेश्वरले त्यसता व्यक्तिहरुलाई प्रयोग गर्न सक्नुहुन्छ जससँग हामीहरुलाई व्यवहार गर्न कठिन हुन्छ ।**

**हामीहरुले के कस्ता सहनु परेको छ भन्ने बारेमा परमेश्वर कुनै चिन्ता गर्नुहुन्न ,जसै उहाँ हामीहरुले ती अवस्थाहरु प्रति देखाएका प्रतिउत्तरका साथमा हुनुहुन्छ ।**

**उहाँले रचना गर्नु भएका वा हामीलाई अनुभव गर्न अनुमति दिनु भएका ती सबै कुराहरुमा ,उहाँको मुख्य चिन्ता भनेको नै हामीहरुको मनोवृति उहाँको पुत्र, येशू ख्रीष्टको जस्तै होस् भन्ने हो ।**

**अधिकारमा रहेकाहरुले** के प्राप्त गर्न प्रयास गरिरहेका छन् **भन्ने** बुझ्न **सिक्नु नै महत्वपूर्ण छ ।**

- **सावधानपूर्वक सुन्न**
- **उनीहरुका दृष्टिकोणबाट हेर्ने प्रयास गर्न**

**विशेष गरी त्यति बेला जब हामीलाई कुनै यस्तो काम गर्न आदेश दिइन्छ जसले**

**बाइबल र नैतिक विश्वासको उल्लंघन गर्दछ ।**

अन्तिम वचन : **हामीहरुले मासिहरुको होइन तर परमेश्वरको आज्ञा पालन गर्नुपर्छ ।** (प्रेरित ५:२९)

तर हामीले कसरी प्रतिकृया दिन्छौ त्यो धेरै महत्वपूर्ण छ ।

हाम्रो उदाहरण चाहिँ **दानिएल** हो
उनी भक्तिहीन विदेशि सरकारद्धारा पक्रिएका थिए, उनलाई परिवार, घर र देशबाट टाढा लगिएको थियो र उनलाई परमेश्वरको वचन विपरितको काम गर्न **आदेश** दिइएको थियो ।

दानिएल १:८ दानिएलले आफैलाई अशुद्ध नपार्ने निर्णय गरे

दानिएलले उनी माथिका अधिकारी प्रति परिपक्क व्यवहार पनि देखाएका थिए । उनको व्यवहारले उनलाई सहयोग गऱ्यो । उनले आज्ञापालन गर्न इन्कार गरेनन् ।

जब खान र पिउनलाई आज्ञा गरिएको थियो जुनले परमेश्वरको वचनको उल्लंघन गर्द थियो, दानिएलले इन्कार गर्नुको **प्रमुख अभिप्राय** आफ्नोविश्वासको उल्लंघन गर्न नभएर आफू स्वएम्लाई स्वस्थ र वुद्घिमानि बनाई राख्नका लागि हो भने । उनले एक **सिर्जनात्मक वैकल्पिक योजनाको** सल्लाहा दिए जसद्धरा उनको नैतिक विश्वासको उल्लंघन पनि नहुने र ती अधिकारीर्गहरुको उद्देश्य पनि पूरा हुने ।

दानिएलले उनी माथि रहेका अधिकारीवर्गहरु प्रति गरेका **अनुरोधमा आदर**, **सिर्जनात्मकता** र **सतर्कतापूर्व शब्दहरुको छनोटलाई** ध्यान दिनु पर्छ ।

दानिएल १:१२-१४ कृपया तपाईका दासहरुलाई दश दिनसम्म जाँच्नुहोस् । हामीलाई खानका लागि सागपात र पिउनका लागि पानी मात्र दिनुहोस् । त्यस पछि शाही खाना खाने जवानहरुसँग हाम्रा चेहरा दाँज्नुहोस् र तपाईले देख्नुभएअनुसार आफ्ना दाशहरुसँग व्यवहार गर्नूहोस् । यसकारण उनले यो कुरा मन्जूर गरे र दश दिनसम्म तिनीहरुको जाँच गरे ।

**जब हाम्रो मनोवृति सहि छन् र हामीले नम्रता र सतर्कतापूर्वक अनुरोध गरेका छौं भने अब हामी रोक्नु पर्छ र उनीहरुको निर्णयलाई पर्खनु पर्छ ।**

**हामीले परमेश्वरलाई "उनीहरुको हृदयलाई परिवर्तन" गर्न समय दिनुपर्छ ।**

हितोपदेश १६:७ जब मानिसका मार्गहरु परमप्रभुलाई मन पर्ने हुन्छन्, उहाँले त्यसका शत्रुहरुलाई समेत त्यससँग मिलापमा राख्नुहुन्छ ।

हितोपदेश २१:१ राजाको हृदय परमप्रभको हातमा हुन्छ, खोलाको पानीझैं जता मन लाग्यो उतै उहाँले फर्काउनुहुन्छ ।

फारोले आफ्नो हृदय कठोर बनाई राखेता पनि परमेश्वरले उहाँको दबाव बढाई राख्नु भयो जब सम्म उनले इस्राएलीहरुलाई जान दिन मन्जुर भएनन्। यस बीच, इस्राएलीहरु बलिया भए किनभने उनीहरुले ती व्यक्तिहरु जसले उनीहरु माथि शासन गरिरहेका थिए उनीहरुका सबै आज्ञाहरु पालन गरेका थिएः
उनीहरुका जाति भित्र एउटै पनि कमजोर मानिस थिएनन् । भजनसंग्रह १०५:३७

जब हामीले हामी माथि रहेका अधिकारवर्गका आज्ञापालन गर्दछौं तब परमेश्वरले "हाम्रोलागि सबै कुरा असल गर्नुहुन्छ" हामीले समस्याहरु र दुःखहरु सहनु पर्छ र विद्रोह गर्न इन्कार गर्नूपर्छ ।

जब अधिकारवर्गहरुले प्रेरितहरुलाई प्रचार नगर्नु भनेर आदेश दिए ,तब पत्रुसले भनेः **हामीहरुले मानिसहरुको होइन तर परमेश्वरको आज्ञा पालन गर्नैपर्छ** । (प्रेरित ५:२७-३२) र त्यसको परिणाम भोग्न तयार हौं सायद येशलाई क्रूसमा झुण्डियाएको जस्तै, हामो उदाहरण ।

**झ. सातौँ कदमहरू कार्यको जब कुनै यस्तो काम जुन तिमीलाई गलत लाग्दछ ती गर्न लगाइन्छ ।**

१. आफ्नो मनोवृतिको जांच

- स्वतन्त्र आत्मा चाहि विश्वासघातको जग हो
- दोष लगाउने आत्मा चाहि स्वयम धर्मी बन्नुको जग हो
- अनादर गर्ने आत्मा चाहि घमण्डको जग हो
- अल्छे आत्मा चाहि बेइमानि र गरीबीको जग हो
- तितो आत्मा चाहि स्वार्थीपनको जग हो
- नराम्रो काममा स्वयं सम्लग्ङ हुनु  चाहिँ अशुद्ध आत्माको जग हो

२.आफ्नो विवेकलाई स्पष्ट गर्ने

- ती मनोवृतिहरु जसले अप्रसन्न ल्याउदछ त्यसलाई सुधार्ने
- अधिकार भित्र रहेका सबै इच्छाहरु र अपूर्ण लक्ष्यहरुलाई पूरा गर्ने
- हामी गलत थियौँ भनेर स्वीकार गर्ने र क्षमा माग्ने
- साँचो सम्बन्ध पुनःस्थापना गर्नका लागि आवश्यक्ता अनुसार सुधारहरु गर्ने
- अन्य व्यक्तिहरुबाट दोषी नठहरिनका लागि आफ्ना स्वतन्त्रतालाई सीमा भित्र राख्न सिक्नुपर्छ

३. आधारभुत अभिप्राय बुझ्ने

- व्यक्तिलाई उसका उद्देश्यहरु के हुन् र  इच्छाहरु के हुन् सोध्ने
- उनीहरु किन यस्तो मांग गरि रहेका छन् भनेर बुझ्न प्रयास गर्ने

- हामीहरुलाई बुझाउनका लागि उनीहरुलाई सहयोग माग्ने

४.सिर्जनात्मक वैकल्पिक योजनाहरु बनाउने

- सिर्जनात्मक हुनका लागि प्रतिबन्ध गर्ने आत्मालाई निकाल्ने
- आफ्ना विचारहरुको आकृतिलाई बढाउन कठिन परिस्थितिहरुको प्रयोग गर्ने
- हितोपदेशबाट कठिन परिस्थितिका लागि अन्तर्दृष्टि प्राप्त गर्ने
- वैकल्पिक योजनाहरु बनाउने जुन उनले हर्ने छन् र आफ्ना उद्देश्यमा पुग्ने छन्

५.आफ्नो अधिकारलाई उजुर गर्ने

- एउटा सेवकको र सिक्न इच्छा भएको आत्मा हुनुपर्छ
- निन्दा रहित आत्माद्वारा व्यक्तिगत निश्चयतालाई व्याख्या गर्ने
- सिर्जनात्मक वैकल्पिक योजनाहरु प्रस्तुत गर्ने
- कसरी उसका उद्देश्यहरु पूरा हुन सकिन्छ भनेर व्याख्या गर्ने
- अन्तिम परिणाम उहाँमा राख्ने

६. उनीहरुको विचारलाई परिवर्तन गर्न परमेश्वरलाई समय दिने

- अधिकारमा बाहिरी दबाब आउनका लागि परमेश्वरमा आशा राख्ने
- आफैमा बढ्ता दबाब आउनका लागि उहाँमा आशा राख्ने
- परमेश्वरले उहाँको दबाबलाई हाम्रै फाइदाको लागि प्रयोग गर्नुहुन्छ भनि महसुस गरौं
- सहि प्रतिकृयाहरुको निर्माण गर्ने जन चाहिँ उहाँको परिवर्तित निर्णयको आधार बन्न छ

७. जुन कुरा गलत छन् ती नगर्नले दुःख भोग्नु पर्ने

- चेलाहरु येशूलाई इन्कार गर्नु भन्दा आफ्ना परिवारद्धरा अस्वीकृत हुन इच्छुक थिए (मत्ती १०:३२–३९)
- चेलाहरुले सरकारी अधिकारीहरु र धार्मिक अगुवाहरुद्घरा मनाई गरेता पनि सुसमाचार सुनाउन पर्थे (प्रेरित ४:१९)
- दानियललाई जब परमेश्वरको महिमा गर्न मनाई गरेर राजाको महिमा गर्न भनिएको थियो तब उनी त्यो गर्न भन्दा मारिनु इच्छुक थिए (दानिएल ६:१२–१६)

अन्तिम भागको लागि उल्लेख:

रिसर्च एण्ड प्रिन्सिपल अफ लाइफ– बेसिक्  सेमिनार टेक्स्बुक

इन्स्टीचुट् अफ् बेसिक युथ कन्फिलिक्टस् ।